# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १४ ] काठमाडौं श्रावण ३० गते २०२१ साल [ अतिरिक्ताङ्क ११

### श्री ५ को सरकार
### कानून तथा न्याय मन्त्रालय

श्री ५ को सरकारले बनाएको देहायबमोजिमको आदेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः—

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यो आदेशको नाम "कानून किताब (व्यवस्था र वितरण) आदेश २०२१" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा:— विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "कानून किताब" भन्नाले नेपाल कानूनको किताब र विदेशी मुलुकको कानून र तत्सम्बन्धी किताबहरूसमेत सम्झनु पर्छ।

३. समितिको गठनः— कानून किताब व्यवस्था समिति नामको एउटा समिति गठन गरिएको छ। समितिमा श्री ५को सरकारले समय समयमा नेपाल गजेटमा प्रकाशित सूचनाद्वारा तोकिदिएका व्यक्तिहरू अध्यक्ष, सदस्य र सचिवको रूपमा रहनेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. समितिको कर्तव्य र अधिकारः– (१) समितिले मुख्यतया निम्नलिखित काम गर्ने छः–

(क) नेपाल कानूनको संकलित वा फुटकर रूपमा छपाउने, बिक्री वितरण गर्ने, उपहारमा वा उधारोमा दिने,

(ख) विदेशी कानूनको किताब खरीद गरेर वा उपहारमा लिएर पुस्तकालयको सञ्चालन गर्ने,

(ग) नेपाल कानूनलाई विदेशी भाषामा र विदेशी वा अन्तर्राष्ट्रिय कानूनहरूलाई नेपाली भाषामा अनुवाद गर्ने वा गराउने, प्रकाशित गर्ने, अनुवाद शुल्क लिने र दिने तथा अनुवाद जांच गर्ने ।

(२) उप–दफा (१) को उद्देश्य पूर्तिको लागि समितिले निम्नलिखित काम गर्नसक्ने छः–

(क) किताब छपाउनको लागि कागजहरू खरीद गर्ने र संग्रह गर्ने,

(ख) आवश्यक शर्तमा मुद्रक वा छापाखानाको बन्दोवस्त गर्ने वा आफ्नै छापाखाना चलाउने,

(ग) बिक्री वितरणको लागि नेपाल अधिराज्यको विभिन्न भागमा वा आवश्यक परे विदेश-मारफत विक्रेताको बन्दोवस्त गर्ने,

(घ) विभिन्न बिक्रेतासंग वा विदेशी संस्थासंग विदेशी कानूनको किताबहरू खरीद गर्ने,

(ङ) वार्षिक बजेट तयार पारी आम्दानी खर्चको व्यवस्था गर्ने, आफ्नो कामको सञ्चालनका लागि आवश्यकतानुसार कर्मचारी भर्ना गर्ने तथा फी, तलब भत्ता ठेक्ने,

(च) आफ्नो कार्यको सम्बन्धमा अरू आनुसंगिक तथा प्रासंगिक व्यवस्था गर्ने ।

५. समितिको कोषः– समितिको कोषमा देहायका रकमहरू रहने छन् र समितिको खच सबै सोही कोषबाट व्यहोरिनेछः–

(क) श्री ५ को सरकारबाट अनुदानको रूपमा प्राप्त रकमहरू,

(ख) किताबहरू बिक्री वितरणगर्दा प्राप्त रकमहरू,

(ग) अनुवादको शुल्कबाट प्राप्त रकमहरू,

(घ) सहायता स्वरूप समितिलाई प्राप्त अरू रकमहरू ।

६. प्रमाणित गर्नेः– समितिको तर्फबाट गरिने सबै पत्रव्यवहार तथा समितिको निर्णयहरू सचिवले प्रमाणित गर्नेछन् र समितिकोतर्फबाट छपाइएका किताबहरूमा समितिको नामको उल्लेख गरी विशेष मोनोग्रामका छाप लगाइनेछ ।

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह–सचिव ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

कानून किताव (व्यवस्था र वितरण) आदेश, २०२१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित व्यक्तिहरू अध्यक्ष, सदस्य र सचिवको रूपमा रहने गरी कानून किताब व्यवस्था समिति गठन गरेको छ ।

(क) सचिव, कानून तथा न्याय मन्त्रालय - - - - - - - - - - पदेन अध्यक्ष
(ख) प्रतिनिधि, अर्थ मन्त्रालय - - - - - - - - - - - सदस्य
(ग) प्रतिनिधि पञ्चायत मन्त्रालय, प्रचारविभाग - - - - - - - - ,,
(घ) उप-सचिव कानून तथा न्याय मन्त्रालय - - - - - - - - ,,
(ङ) ध्रुववरसिंह थापा, सै. अ. कानून तथा न्याय मन्त्रालय - - - सदस्य सचिव,

आज्ञाले-
विनोदप्रसाद धिताल,
श्री ५ को सरकारको सह-सचिव ।

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८८